# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**प्रगतिनगर, नवलपरासी(ब.सु.पू)**
**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

☏ ०७८-५७५३९६, ५७५०१०

**प.सं. २०७५।०७६**

**मिति : २०७५।१०।२२**

**<u>प्रेस विज्ञप्ति</u>**

आज मिति २०७५/१०/२२ गते देवचुली नगरापालिकाको हिँउदे विधेयक अधिवेशन वडा नं. १६ को सभाहलमा सम्पन्न भएको छ । अधिवेशनले नगरकार्यपालिकाले स्वीकृती गरी पारित गर्न पेश गरेको देवचुली नगरपालिकाको राजपत्र २०७५ को ढाँचा, देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमति गर्ने) विधेयक, २०७५, देवचुली नगरपालिकाको आर्थिक कार्यविधि नियमति तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७५ छलफल भै नगरपालिकाको तेस्रो नगरसभाबाट सर्वसम्मतिले पारित गरेको छ ।

नगर सभा नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा शुरु भै नगर उप-प्रमुख, कार्यपालिकाका प्रवक्ता एंव सदस्य तथा कार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यहरुको गरिमायय उपस्थितीमा शुरु भै नगर सभाले उल्लिखित विधेयक र राजपत्रको ढाँचा सर्व सम्मतिले पारित गरेको हो ।

पारित भएको विधेयकहरु नगर प्रमुखबाट प्रमाणिकरण भै राजपत्रमा प्रकाशित भै सकेपछि ऐन बन्ने छन् । पारित राजपत्रको ढाँचा अनुसार अव उप्रान्त पारित भएका ऐन, कानून, नियम र कार्यविधिहरु प्रकाशित हुने छन् । नगरसभाको संचालन प्रमुख प्रशासकीय अधिकृत श्री नारायण प्रसाद सापकोटाले संचालन गर्नु भएको थियो भने अधिवेशनमा देवचुली नगरपालिका कार्यालयका सम्पुर्ण शाखा प्रमुखहरु र आवश्यकता अनुसार अन्य कर्मचारीहरुको समेत उपस्थिती थियो ।

तेस्रो नगरसभाको अन्त्य नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूबाट बेलुका ४:०० बजे भएको छ ।

.....................................

(क्या. श्री डिल बहादुर खत्री )
प्रवक्ता एंवम वडा नं. १३ अध्यक्ष

डिल बहादुर खत्री

Scanned by CamScanner